**बैठक संख्या :५१**

आज मिति २०७६/०६/०७ गते ........... बजे कपिलवस्तु नगरपालिकाको नगर प्रमुख श्री किरण सिंह ज्यूको अध्यक्षतामा र पाँचौं नगर सभामा उपस्थित नगरसभा सदस्य समेतको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसि देहाय बमोजिमको निर्णय गरियो ।

| क सं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री किरण सिंह | नगर प्रमुख | |
| २ | श्री लक्ष्मी गुप्ता साव | नगर उपप्रमुख | |
| ३ | श्री सुदिप पौडेल | वडा अध्यक्ष १ | |
| ४ | श्री रामभजन कलवार | वडा अध्यक्ष २ | |
| ५ | श्री रुद्र बहादुर गैरे | वडा अध्यक्ष ३ | |
| ६ | श्री रवेन्द्र प्रसाद तिवारी | वडा अध्यक्ष ४ | |
| ७ | श्री दिरेप कुमार चौधरी | वडा अध्यक्ष ५ | |
| ८ | श्री रामदिनेश यादव | वडा अध्यक्ष ६ | |
| ९ | श्री धर्मात्मामणि त्रिपाठी | वडा अध्यक्ष ७ | |
| १० | श्री शिव कुमार पाण्डेय | वडा अध्यक्ष ८ | |
| ११ | श्री शिव बहादुर वाग्ले | वडा अध्यक्ष ९ | |
| १२ | श्री मोहनलाल शर्मा | वडा अध्यक्ष १० | |
| १३ | श्री राम गोपाल यादव | वडा अध्यक्ष ११ | |
| १४ | श्री ओम प्रकाश पाण्डेय | वडा अध्यक्ष १२ | |
| १५ | श्री कौशिल्या गुप्ता | महिला सदस्य | |
| १६ | श्री सबिता धिमिरे | महिला सदस्य | |
| १७ | श्री प्रेमा देवी कोरी | महिला सदस्य | |
| १८ | श्री उर्मिला कोरी | महिला सदस्य | |
| १९ | श्री पुष्पा थारु | महिला सदस्य | |
| २० | श्री इन्सान अलि धुनिया | दलित अल्पसंख्यक | |
| २१ | श्री सिताराम धोवी | दलित अल्पसंख्यक | |
| २२ | श्री रामधनी बढई | दलित अल्पसंख्यक | |
| २३ | श्री बिमल राज आचार्य | प्रमुख प्रशासकीय अधिकृत | |

**अन्य आमन्त्रित :**

| | | | |
|---|---|---|---|
| २४ | श्री हरि प्रसाद ज्ञवाली | उप-सचिव शिक्षा | |
| २५ | श्री कनकमान श्रेष्ठ | शिक्षा सल्लाहकार | |
| २६ | श्री सुरेन्द्र राज लम्साल | सामाजिक सल्लाहकार | |
| २७ | श्री खग प्रसाद चापागाई | प्रेस सल्लाहकार | |
| २८ | श्री राजेश कुमार शैनी | इन्जिनियर | |
| २९ | श्री शिवेन्द्र कुमार पासी | सू.प्र.अ. | |
| ३० | श्री विजय राज वाग्ले | ना.सु. | |

**बैठकका प्रस्तावहरु** :

१) नदीजन्य पदार्थको ठेक्का वन्दोवस्त ।

२) शाखागत कार्यक्रमहरु स्वीकृत गर्ने ।

३) MCH Clinic र ART Clinic मा कार्यरत अ.हे.व.को म्याद थप सम्बन्धमा ।

४) नगरपालिकालाई खुला दिशामुक्त क्षेत्र (ODF) घोषणालाई अनुमोदन गर्दै आगामी नीति तथा कार्यक्रम कार्यान्वयन गर्दै लैजाने सम्बन्धमा ।

५) सेवा करारका कर्मचारीको म्याद थप गर्ने ।

६) वासका कर्मचारीको निरन्तरता सम्बन्धमा ।

७) कृषिका (२ जना) तथा पशु सेवा तर्फका (३ जना) एक गा.वि.स. एक प्राविधिक सम्बन्धमा

८) कृषि शाखा तर्फको कार्यक्रमको बजेट थप सम्बन्धमा ।

९) स्रोतव्यक्ति ईश्वरी प्रसाद गुप्ता सम्बन्धमा ।

१०) वडा नं. २ को भवन निर्माणलाई बजेट व्यवस्था सम्बन्धमा ।

११) वडा नं. ३ को भवन निर्माणलाई रिभाइज स्टिमेट अनुसार बजेट व्यवस्था गर्ने ।

१२) नदीजन्य पदार्थ सम्बन्धि कार्यबिधिमा छलफल गर्ने सम्बन्धमा ।

१३) स्वयंसेबक शिक्षक तलब सम्बन्धमा ।

१४) बाल विकास केन्द्र सहयोगी कार्यकर्ता सुबिधा सम्बन्धमा ।

१५) वडा नं. १ को सतही ढल निर्माण ठेक्का कारवाही सम्बन्धमा ।

१६) पहिलो चौमासिकमा उपभोक्ता समिति गठन गरि सम्झौता गरिसक्ने र जेष्ठ मसान्त सम्ममा कार्य सम्पन्न हुनु पर्ने ।

१७) मेरो पहिलो बच्चा सम्बन्धमा ।

१८) नगर स्वास्थ्य केन्द्र डेरवा र वनगाई नगर स्वास्थ्य केन्द्र सम्बन्धमा ।

१९) वरदहवा गेट सम्बन्धमा ।

२०) सुरक्षा सम्बन्धमा ।

२१) सेवा सुबिधा सम्बन्धमा ।

२२) वार्षिक खरिद योजना पारित गर्ने सम्बन्धमा ।

२३) जनप्रतिनिधिहरुको सेवा सुबिधा सम्बन्धमा ।

२४) समिक्षा बैठक सम्बन्धमा ।

२५) आधारभूत स्वास्थ्य केन्द्र स्थापना सम्बन्धमा (वडा नं .१,४,१० र ११) ।

२६) खोप र गाउँ घर क्लिनिक संचालन गरे वापतको फिल्ड भत्ता रु.२,५०,०००/-

२७) PL HIV विरामीको जाँचको लागी रु.१,५०,०००/-

२८) क्षय रोगी तथा कुष्ठ रोगी पत्ता लगाउने क्याम्प संचालन गर्न रु.१,५०,०००/-

२९) स्वयं सेबक शिक्षकको विज्ञापन सम्बन्धमा ।

३०) स्वतन्त्रता सेनानी स्व.दयाशंकर मुन्सुज्यू सम्बन्धमा ।

३१) बिबिध समसामयिक विषयहरु सम्बन्धमा ।

**<u>निर्णयहरु</u>**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा नदीजन्य पदार्थको ठेक्का वन्दोवस्त गर्न बातावरणीय प्रभाव मुल्यांकन प्रतिवेदन अनुसार ७ ओटा प्याकेज रहने गरि आ.व. २०७६/७७ को ठेक्का वन्दोवस्त गर्न र सो को लागी सूचना प्रकाशन गरी प्रकृया अगाडि बढाउन निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा शाखागत कार्यक्रमहरु नगर प्रमुखबाट स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा MCH Clinic र ART Clinic मा कार्यरत अ.हे.व. प्रेमा पौडेल र निलम यादव लाई आ.ब. २०७६/०७७ को लागी निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. ४**

मिति २०७६/०५/३० गतेका दिन यस नगरपालिकालाई खुला दिशा मुक्त क्षेत्र भएको घोषणालाई अनुमोदन गर्दै आगामी नीति तथा कार्यक्रम कार्यान्वयन गर्दै लैजाने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिका वा अन्तर्गत सेवा करारमा कार्यरत कर्मचारीहरुको म्याद २०७६ श्रावण १ गते देखि २०७६ पुष मसान्त सम्म थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा वासका कर्मचारीको म्याद २०७६ श्राबण १ गते देखि २०७६ पौष मसान्त सम्म निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा कृषिका (२ जना) तथा पशु सेवा तर्फका (३ जना) एक गा.वि.स. एक प्राविधिकको लागि सशर्त अनुदान तर्फ बजेट प्राप्त नभएको हुँदा म्याद थप नगर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा कृषि शाखा तर्फको कार्यक्रमको लागि हिँउदे अधिवेशनबाट ३० लाख बजेट थप गर्ने तथा पशु शाखा तर्फको कार्यक्रममा १० लाख थप गरी कृषि शाखाको लागी ४२ लाख र पशु शाखाको लागी ४० लाख वार्षिक बजेट कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा स्रोतव्यक्ति ईश्वरी प्रसाद गुप्तालाई यस नगरपालिकाको शिक्षा इकाई शाखामा काम काजको लागि २०७६ श्रावण देखि पुष मसान्त सम्म जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा वडा नं. २ को भवन निर्माणको लागि लगत अनुमान अनुसार अगामी नगर सभाबाट बजेट व्यवस्था गर्ने गरी निर्माण प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा वडा नं. ३ को भवन निर्माणलाई रिभाइज स्टिमेट अनुसार आवश्यक बजेट आगामी नगर सभाबाट व्यवस्था गर्ने गरि निर्माण प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. १२**

प्रस्ताव नं. १२ माथि छलफल गर्दा नदीजन्य पदार्थ सम्बन्धि कार्यबिधि तयार गरि छलफल तथा पारितका लागि अगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

प्रस्ताव नं. १३ माथि छलफल गर्दा नगरपालिकाको प्रकृयाबाट छनौट भएका स्वयंसेबक शिक्षकहरुलाई २०७६ श्रावण देखि निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. १४**

प्रस्ताव नं. १४ माथि छलफल गर्दा बाल विकास केन्द्र सहयोगी कार्यकर्तालाई प्रति व्यक्ति मासिक रु. ५००/- ले थप गर्ने गरि (८७ जनालाई रु.५००/- ले १३ महिनाको) रु.५,६५,०००/- र विद्यालयका कर्मचारी तथा परिचरलाई (६४ जनालाई रु.५००/- ले १३ महिनाको) रु. ४,१६,०००/- गरी जम्मा रु. ९,८१,५००/- नौलाख एकासीहजार पाँचसय आगामी नगर सभाबाट बजेट व्यवस्था गर्ने गरी कार्यान्वयन प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. १५**

प्रस्ताव नं. १५ माथि छलफल गर्दा कपिलवस्तु नगरपालिकाको आ.ब. २०७४/०७५ को लागी ठेक्का नं. १०/०७४/०७५ र ठेक्का नं .३४/०७४/०७५ गौढी चोक देखि पश्चिम सतह ढल निर्माण कार्यका सम्बन्धमा मिति ०७६/०६/०६ बाट निर्णयार्थ पेश भएको टिप्पणी आदेश बमोजिम ०७६/०६/०६ सम्मको म्याद थप तथा मूल्यांकन गर्ने र नियमानुसार Liquidated dameges वापतको रकम कट्टी गरी आगामी सभाबाट बजेट व्यवस्था गरि भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १६**

प्रस्ताव नं. १६ माथि छलफल गर्दा आ.व. २०७६/०७७ का लागि स्वीकृत आयोजनाहरु मध्ये उपभोक्ता समितिबाट संचालन गर्ने आयोजनाहरु पहिलो चौमासिकमा उपभोक्ता समिति गठन गरि सम्झौता गरिसक्ने र जेष्ठ मसान्त सम्ममा कार्य सम्पन्न गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७**

प्रस्ताव नं. १७ माथि छलफल गर्दा आ.व. २०७५/७६ मा सम्पन्न मेरो पहिलो बच्चा कार्यक्रमको कक्षा संचालन गरे वापतको पारिश्रमिक रु. १,९८,०००/- भुक्तानी हुन बाँकी रकम स्वास्थ्य सम्बोधन कार्यक्रमबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८**

प्रस्ताव नं. १८ माथि छलफल गर्दा स्वास्थ्य तर्फ कर्मचारी व्यवस्थापन शिर्षकमा विनियोजित रकम रु. १० लाखबाट जिल्ला तौलिहवा अस्पताल, नगर स्वास्थ्य केन्द्र डेरवा , नगर स्वास्थ्य केन्द्र वनगाई तथा तिलौराकोट स्वास्थ्य चौकीमा कार्यरत सेवा करार तर्फका कर्मचारीहरुको तलब भुक्तानी गर्ने र अपुग रकम अगामी नगर सभाबाट बिनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९**

प्रस्ताव नं. १९ माथि छलफल गर्दा वरदहवा गेटमा बर्द (गोरु) को मूर्ति स्थापनाको लागी रु. ४ लाख बजेट हिँउदे अधिवेदनबाट विनियोजन गर्ने गरी प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. २०**

प्रस्ताव नं. २० माथि छलफल गर्दा तौलिहवा बजार क्षेत्रमा सुरक्षा निगरानी गर्नको लागि सि.सि.टि.भि. क्यामेरा जडानको लागि रु. ८ लाख रकम अगामी नगर सभाबाट बजेट व्यवस्था गर्ने गरी प्रकृया बढाउने निर्णय गरियो ।

**निर्णय नं. २१**

प्रस्ताव नं. २१ माथि छलफल गर्दा जन प्रतिनिधिहरुले प्रदेश ऐनबाट निर्धारण भए बमोजिमको सेवा सुबिधालाई उपयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. २२**

प्रस्ताव नं. २२ माथि छलफल गर्दा प्रमुख प्रशासकीय अधिकृतबाट पेश भएको आ.ब. २०७६/०७७ को वार्षिक खरिद योजना पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. २३**

प्रस्ताव नं. २३ माथि छलफल गर्दा आ.व. २०७६/०७७ को लागी जनप्रतिनिधिहरुको सेवा सुबिधामा छलफल हुँदा प्रति महिनाको सुबिधाको आधारमा चाडपर्व खर्च दिने निर्णय गरियो ।

**निर्णय नं. २४**

प्रस्ताव नं. २४ माथि छलफल गर्दा आ.व. २०७५/०७६ मा सम्पन्न आयोजनाहरुको वार्षिक समिक्षा बैठक नगर प्रमुखको समन्वयमा गर्ने निर्णय गरियो ।

**निर्णय नं. २५**

प्रस्ताव नं. २५ माथि छलफल गर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७६/०४/२६, च.नं. २४ यो.०७६/०७७ को पत्रानुसार वडा नं .१, ४ र १० मा आधारभूत स्वास्थ्य केन्द्र तत्काल स्थापना गरि

संचालन गर्ने र वडा नं ११ को नगर स्वास्थ्य केन्द्रलाई आधारभूत स्वास्थ्य केन्द्रमा परिवर्तन गरी आधारभूत स्वास्थ्य केन्द्रको मापदण्ड अनुसार हुने गरि संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २६**

प्रस्ताव नं. २६ माथि छलफल गर्दा खोप र गाउँ घर क्लिनिक संचालन गरे वापतको फिल्ड भत्ता रु.२,५०,०००/- स्वास्थ्य सम्बोधन कार्यक्रमबाट भुक्तानी गर्ने र नपुग रकम नगर सभाबाट विनियोजन गरि उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २७**

प्रस्ताव नं. २७ माथि छलफल गर्दा PL HIV विरामीको जाँचको लागी रु.१,५०,०००/- स्वास्थ्य सम्बोधन कार्यक्रमबाट भुक्तानी गर्ने र नपुग रकम नगर सभाबाट विनियोजन गरि उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २८**

प्रस्ताव नं. २८ माथि छलफल गर्दा क्षय रोगी तथा कुष्ठ रोगी पत्ता लगाउने क्याम्प संचालन गर्न रु.१,५०,०००/- स्वास्थ्य सम्बोधन कार्यक्रमबाट भुक्तानी गर्ने र नपुग रकम नगर सभाबाट विनियोजन गरि उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २९**

प्रस्ताव नं. २९ माथि छलफल गर्दा स्वयं सेबक शिक्षकको विज्ञापन हुन बाकी रहेका विद्यालयहरुलाई नियमानुसार विज्ञापन गर्ने अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३०**

प्रस्ताव नं. ३० माथि छलफल गर्दा स्वतन्त्रता सेनानी स्व.दयाशंकर मुन्सु ज्यूको प्रतिमा बनाई सो स्थापनाको लागि स्थान/जग्गाको व्यवस्थापनको लागि निम्न अनुसारको समिति गठन गर्ने निर्णय गरियो ।

| | | | |
|---|---|---|---|
| १. | किरण सिंह | - नगर प्रमुख | - अध्यक्ष |
| २. | बिमलराज आचार्य | - प्रमुख प्र.अ. | -सदस्य |
| ३. | राम भजन कलवार | - वडा अध्यक्ष | -सदस्य |
| ४. | रुद्र बहादुर गैरे | - वडा अध्यक्ष | -सदस्य |
| ५. | अशोक कुमार गुप्ता | - परिवारको तर्फबाट | - सदस्य |
| ६. | विजय राज वाग्ले | - ना.सु. | - सदस्य सचिव |

**निर्णय नं. ३१**

प्रस्ताव नं. ३१ माथि छलफल गर्दा बिबिध समसामयिक विषयहरुमा देहाय बमोजिमाको निर्णय गरियो ।

१. क.व.न.पा. वडा नं. ३ का दृष्टि बिहिन नन्द किशोर गुप्ताले आर्थिक अवस्था कमजोर भएको कारण देखाई कपिलवस्तु बहुमुखी क्याम्पसमा शिक्षा शंकाय अन्तर्गत स्नातक तहमा अध्ययन गर्नको लागि आर्थिक सहयोग माग गरेको हुँदा यस वर्षको लागि रु. २५ हजार छात्रवृति सहयोग रकम उपलब्ध गराउने निर्णय गरियो ।

२. हुदा मोडल इन्ङ्गिलस वोर्डिङ्ग स्कुलको माग र वडाको सिफारिसको अधारमा कक्षा ११ मा फाइनान्स विषय थप अनुमति दिने निर्णय गरियो ।

३. हाट बजारको छेउमा रु.६ लाख आगामी नगरसभाबाट बजेट व्यवस्था गरी कृयापुत्री भवन वनाउन प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

४. बालबालिका संग मेयर कार्यक्रम तयारी तथा प्रसारण गर्न यस कार्यालय संग Institute of communication information and development pvt.ltd. संग भएको सम्झौता अनुसार उक्त संस्थाबाट प्राप्त बिल अनुसार भ्याट सहित रु. १ लाख ६९ हजार ५ सयको भुक्तानी गर्ने निर्णय गरियो ।

५. कपिलवस्तु नगरपालिका क्षेत्र भित्र रहेका सामुदायिक विद्यालयहरुको आ.ब. ०७५/०७६ र सो भन्दा अघिको आ.ब. को लेखा परीक्षणका सन्दर्भमा सूचिकृतको लागि १५ दिने सूचना प्रकाशन गर्ने र शिक्षा नियमावली २०५९ बमोजिम लेखा परिक्षक छनौट गरि विद्यालयहरुको लेखा परिक्षण गराउने निर्णय गरियो ।

६. रामजानकी नि.मा.वि. बेलौहालाई कम्प्यूटर खरिदको लागि रु. ३० हजार उपयुक्त शिर्षकबाट दिने निर्णय गरियो ।

७. माइलस्टोन कन्सल्टेन्सीले तयार गरि पेश गरेको बुद्धपद्म मा.वि.स्थित खेलमैदानको लागि तयार भएको DPR स्वीकृत गरियो ।

८. युवा तथा खेलकुद मन्त्रालय, काठमाण्डौंबाट खेलकुद मैदान निर्माण गर्न आह्वान गरेकोमा यस नगरपालिकाको तर्फबाट बुद्ध पद्म मा.वि. को खेलमैदान (टुडिखेल) मा बनाउन स्वीकृत डि.पि.आर. सहित मन्त्रालयमा प्रस्ताव गर्ने निर्णय गरियो ।

९. गत आ.ब. २०७५/०७६ मा शिक्षा विकास तथा समन्वय ईकाई कपिलवस्तुबाट शिक्षण अनुदान प्राप्त गरेका तपसिलका विद्यालयहरुमा कार्यरत शिक्षकहरुलाई निरन्तरता दिने र आगामी नगर सभाबाट बजेट विनियोजन गरी प्रति विद्यालय रु. १ लाख ६३ हजारका दरले अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

१. धर्मभक्त नि.मा.वि. बभनी क.व.न.पा. ५

२. कोटीग्राम मा.वि. गोटीहवा क.व.न.पा. ५

३. रामजानकी नि.मा.वि.बेलौहा क.व.न.पा. ८

४. जनकल्याण प्रा.वि. कचरिहवा क.व.न.पा. ८

५. नि.मा.वि. कटुवा क.व.न.पा. १०

६. शितलाबक्स मा.वि. रेहरा क.व.न.पा. ११

७. नि.मा.वि. पिपरी क.व.न.पा. ४

८. राष्ट्रिय जनहित मा.वि. धरमपनिया क.व.न.पा. ७

९. पार्वती नि.मा.वि. बगहाँ क..व.न.पा. ७